मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०२/ २२

को

बैठकबाट स्वीकृत

# "मेचीनगर नगरपालिकाको कर्मचारीहरुको तह वृद्धि, बढोत्तरी तथा बढुवा सम्बन्धी कार्यविधि, २०८१"

प्रमाणीकरण मिति : २०८१/०२/३०

प्रमाणीकरण गर्नेको पद र नाम : श्री गोपाल चन्द्र बुढाथोकी

हस्ताक्षर :

गोपाल चन्द्र बुढाथोकी

नगर प्रमुख

मेचीनगर नगरपालिकाको कर्मचारीहरुको तह बृद्धि, तहमिलान तथा बढुवा सम्बन्धी कार्यविधि, २०८१

मेचीनगर नगरपालिका

खण्ड ५ | संख्या : ..१/० | मिति : २०८१/०२/३०

भाग २

**कार्यविधिको नाम : कर्मचारीहरुको तह बृद्धि, तह मिलान तथा बढुवा सम्बन्धी कार्यविधि, २०८१**

नगर कार्यपालिकाको निर्णय मिति : २०८१/०२/२२

प्रमाणीकरण मिति : २०८१/०२/३०

**मेचीनगर नगरपालिकाको कर्मचारीहरुको तह बृद्धि, तहमिलान तथा बढुवा सम्बन्धी कार्यविधि, २०८१**

प्रस्तावनाः स्थानीय सरकारी सेवा गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" अनुसार स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि/बढुवा /तहमिलान कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकारी सेवा गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न कोशी प्रदेश सरकारले जारी गरेको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी मेचीनगर नगरमालिका नगर कार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "मेचीनगर नगरपालिकाको कर्मचारीहरुको तह बृद्धि, बढुवा तथा तह मिलान सम्बन्धी कार्यबिधि २०८१" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

क. "ऐन" भन्नाले कोशी प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सरकारी सेवा गठन, सञ्चालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरेको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" लाई सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले मेचीनगर नगरपालिकाको कर्मचारीहरुको तह बृद्धि, बढुवा तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ऐनको दफा १०९ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ. "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत जनाउदछ ।

ङ. "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

गोपाल चन्द्र बुढाथोकी
नगर प्रमुख

च. "मन्त्रालय" भन्नाले प्रदेशको मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय सम्झनु पर्दछ ।
छ. "स्थानीय तह" भन्नाले मेचीनगर नगरपालिकालाई सम्झनु पर्दछ ।
ज. "अन्य सेवाका कर्मचारी" भन्नाले साबिक स्थानीय निकायबाट स्थायी नियुक्ति भएका कर्मचारी समायोजन ऐन २०७५ प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारी सम्झनु पर्दछ ।
झ. "स्थानीय सेवा" भन्नाले "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सेवालाई सम्झनु पर्दछ ।
ञ. "स्थायी पद" भन्नाले निवृतिभरण वा योगदान मूलक निवृतिभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।
ट. "कार्यलय" भन्नाले मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।
ठ. "कार्यपालिका" भन्नाले मेचीनगर नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

३. सूचना प्रकाशन गर्नेः-

स्थानीय सरकारी सेवा (गठन तथां संचालन) ऐन, २०८० को दफा ४ को उपदफा (५), दफा ८ को उपदफा (१३) र दफा ८ को उपदफा (१६) बमोजिम तह वृद्धि र बढुवाका लागि आवेदन पेश गर्न "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा २७ को उपदफा ३ बमोजिम एक महिना (३० दिन) को म्याद राखी प्रत्येक आ.व. को जेठ १५ गते देखि जेठ मसान्त भित्रमा र मंसिर १५ गते देखि मंसिर मसान्त भित्रमा कार्यालयको सूचना पाटी तथा वेबसाइटमा सूचना प्रकाशन गरिनेछ ।

४. निवेदन दिनु पर्ने :

यस कार्यविधिको दफा (३) बमोजिम प्रकाशित हुने सूचनाको मापदण्ड भित्र रहेका कर्मचारीले निम्न कागजातहरु संलग्न राखी अनुसूची १ को ढाँचामा तोकिएको म्याद भित्र समितिमा निवेदन पेश गर्नु पर्नेछ :

१. पछिल्लो तिन बर्षको कार्यसम्पादन मुल्यांकन फारम (ऐनको दफा ४ को उपदफा (५) को हकमा आवश्यक नपर्ने)
२. स्थायी नियुक्ति/बढुवा नियूक्ति पत्रको प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी
३. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपी
४. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र ऐनले तोकेको सेवा अवधि पुरा भएको विवरण खुलाई नगर कार्यपालिकाको कार्यालयले गरेको सिफारिस
५. ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

५. सिफारिस समितिः

१. कार्यालयमा कार्यरत कर्मचारीहरुको तह बृद्धि/बढुवा गर्न ऐनको दफा २७ को उपदफा (४) बमोजिम तपसिल बमोजिमको ३ जनाको तह बृद्धि/बढुवा सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | : | अध्यक्ष |
| ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना बरिष्ठ कर्मचारी | : | सदस्य(२) |

२. समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः

१. ऐनको दफा २७(१) अनुसार स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको पाँचौ तहबाट छैटौं तह, सातौ तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत ९० प्रतिशत अंक प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

२. ऐनको दफा २७ को उपदफा (२) अनुसार, दफा २७(१) अनुसार तह वृद्धि गर्दा थप शैक्षिक योग्यता आवश्यक पर्ने छैन ।
तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

३. तह वृद्धि/बढुवा सम्बन्धि विशेष व्यवस्थाः

  १. ऐनको दफा ४ (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौं र नवौ तहको पदमा समायोजन भइ सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन प्रारम्भ हुँदासम्म तीन वर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ ।निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ ।

  २. ऐनको दफा ८ को उपदफा (१३) अनुसार ऐन प्रारम्भ भएपछि सहायक चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । यसरी बढुवा गर्न एक तह माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद स्वतः खारेज हुनेछ ।

  ३. ऐनको दफा ८ (१६) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एक पटकका लागि स्थानीय सरकारी सेवाको क्रमशः अधिकृत सातौं र नवौं तहमा बढुवा गरिनेछ । त्यसरी बढुवा हुँदा माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो दरबन्दी खारेज हुनेछ ।

  ४. ऐनको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१३) बमोजिम तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

कार्य सम्पादन मूल्यांकनः

१. कर्मचारीहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्दा कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ३३ बमोजिम गरिनेछ ।

२. कमर्चारीले समयावधि भित्र आफ्नो कार्य सम्पादन मूल्यांकन फारम दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गरेको तर सम्बन्धित मूल्यांकनकर्ताहरुबाट समयावधि भित्र मूल्यांकन भएको रहेनछ भने प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत लिई बहालवाला मुल्यांकनकर्ताबाट मूल्यांकन गराउन सक्नेछ ।

८. जेष्ठता कायम सम्बन्धि व्यवस्था : ऐनले व्यवस्था गरेको बमोजिम जेष्ठता कायम हुनेछ ।

९. बाधा अड्काउ फुकाउने :

ऐनको दफा २७ को उपदफा (४) बमोजिमको सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

१०. तह वृद्धि गर्न नहुने :

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछः

क. निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

ख. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग. तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

घ. ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

ङ. असाधारण विदा वा अध्ययन विदा बसेकोमा सो विदाको अवधिभर,

च. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्वन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर ।

११. तह वृद्धि गर्नु पर्ने :

ऐन र कार्यविधि बमोजिम तहवृद्धि तथा बढुवाका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धि/बढुवाको लागि कार्यविधिको दफा ५ बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तहवृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिसका आधारमा श्रावण महिना भित्र ऐनको दफा २७ को उपदफा (३) बमोजिम कार्यपालिकाले निर्णय गरी अनुसूची -२ बमोजिम तहवृद्धि/बढुवाको पत्र दिनु पर्नेछ ।

१२. सार्वजनिक गर्नु पर्ने :

तहवृद्धि/बढुवा भएका कर्मचारीको विवरण कार्यालयले आफ्नो सूचना पार्टी र वेवसाइटमा सार्वजनिक गर्नु पर्नेछ ।

१३. समितिको सचिवालय :

तहवृद्धि/बढुवा सम्बन्धी कार्य गर्न कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्ने छ ।

१४. जानकारी दिनु पर्नेः

यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय, प्रदेश कितावखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१५. उजुरी/ गुनासोः

यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको निर्णय चित्त नबुझेमा "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ३९ बमोजिम प्रदेश लोकसेवा आयोगमा उजुरी दिन सक्नेछ । उजुरी सम्बन्धी अन्य व्यवस्था ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

गोपाल चन्द्र बुढाथोकी
नगर प्रमुख

CamScanner

१६. प्रचलित कानून बमोजिम हुने:
यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम हुने र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. बचाउ :
यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि यस नगर कार्यपालिकाले कानून निर्माण गरी गरेका तहवृद्धि/बढुवासँग सम्बन्धित गरेका काम तथा मेचीनगर नगरपालिकाको कर्मचारी तहवृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम भए गरिएको मानिनेछ ।

१८. खारेजी :
मेचीनगर नगरपालिकाको कर्मचारी तहवृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

अनुसूची – १
(दफा ४ सँग सम्बन्धित)
निवेदनको ढाँचा

अनुसूची – २
(दफा ११ सँग सम्बन्धित)
तहवृद्धि/बढुवा नियुक्ति पत्रको ढाँचा

गोपाल चन्द्र बुढाथोकी
नगर प्रमुख

## अनुसुची -१

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

मिति२०..../...../.....

श्री अध्यक्षज्यू,
तहबृद्धि सिफारिस समिति,

विषयः तह बृद्धि गरी पाँउ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह बृद्धि सिफारिस समितिको मिति......./......./......गतेको सुचना अनुसार म हाल  तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह बृद्धि हुन योग्य रहेको हुदाँ तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>तपशिल</u>

१. स्थायी नियुक्ति पत्र ।
२. हालको पदमा बढुवा तथा तहबृद्धि भएको पत्र ।
३. समायोजन पत्र (समायोजन भएका कर्मचारीहरुको हकमा) ।
४. नेपाली नगरिकताको प्रमाणपत्र ।
५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र ।

| | |
|---|---|
| नाम थरः | शुरु नियुक्ति मिति |
| पदः | हालको पदमा बढुवा/तहबृद्धि भएको मितिः |
| तहः | समायोजन मितिः |
| सेवाः | कर्मचारी संकेत नं. |
| समूहः | कार्यरत कार्यालयः |

माथी उल्लिखित व्यहोरा ठिक साँचो हो, झुटा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

निवेदकः
नामः
पदः
दस्तखतः
कर्मचारी संकेत नं.

(गोपाल चन्द्र बुढाथोकी)
नगर प्रमुख

अनुसुची -२

(कार्यविधिको दफा ११ सँग सम्वन्धित)

पत्र संख्या
च.नं.

मितिः२०..../...../.....

विषयः तह बृद्धि/ तह मिलान/ बढुवा गरिएको सम्बन्धमा ।

तपाईलाई नगरकार्यपालिकाको कार्यालयको मिति ...../..../....गतेको निर्णयानुसार "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" बमोजिम नियमानुसार ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तहमा तह बृद्धि गरिएको छ। तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना ।

<u>तपशिल</u>

| हाल कार्यरत पदः | तह बृद्धि/तह मिलान /बढुवा गरिएको पदः |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| कार्यरत कार्यालयः | कार्यरत कार्यालयः |

श्री.......................
कर्मचारी संकेत नं.

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाडौ ।
श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय,अनामनगर, काठमाडौं ।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, झापा ।
श्री कर्मचारी सञ्चयकोष, विराटनगर ।
श्री आर्थिक प्रशासन शाखा, मेचीनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, झापा ।

गोपाल चन्द्र बुढाथोकी
नगर प्रमुख